पाटन नगरपालिकाको एकिकृत कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७९

**प्रस्तावना**

पाटन नगरपालिकामा व्यवसायीकरुपमा कृषि पेशा अवलम्वन गर्ने कृषकहरुको संख्या बढ्दै गईराखेको परिप्रेक्षमा कृषि तथा पशुजन्य उत्पादनका लागि उत्पादन सामग्रीहरुको सहजरुपमा आपुर्ति गर्न र उत्पादित कृषि तथा पशुजन्य उपज/वस्तुहरु बिक्री वितरणका गर्ने व्यवस्थित एकिकृत कृषि बजार निर्माण गरेर कृषक ब्यापारी उपभोक्ता सबैलाई लाभान्वित गर्न व्यवस्थित र प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएको ले पाटन नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४को अधिनमा रही एकिकृत कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७९ स्वीकृत गरी लागु गरेको छ ।

परिच्छेद- १

१. संक्षिप्त नाम र प्रारम्भः (१)यो निर्देशिकाको नाम "एकिकृत कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) **कृषि बजार** भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, खाध्यान्न, माछा, मासु, अण्डा लगायतका वस्तुहरु वा समिति ले तोकेको अन्य खाध्य तथा कृषि वस्तु र कृषि उत्पादन सामग्री समेतको खरीद बिक्री सम्बन्धि क्रियाकलाप गर्न यस निर्देशिका बमोजिम व्यवस्थापन गरीने स्थान सम्झनु पर्दछ ।

(ख) **कोष** भन्नाले समितीलाई प्राप्त नगद तथा जिन्सी सामान समेतलाई सम्झनु पर्दछ ।

(ग) **कृषि वस्तु** भन्नाले कार्य क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, खाध्यान्न, माछा, मासु, अण्डा जस्ता ताजा वा नासवान वस्तु र समितीले तोकेको अन्य खाध्य तथा कृषि उपज र कृषि उत्पादन सामग्री समेत सम्झनु पर्दछ ।

(घ) **नगरपालिका** भन्नाले पाटन नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **कृषि उपज संकलन केन्द्र** भन्नाले उत्पादन क्षेत्रबाट कृषिवस्तु खरीद गरी वा संकलन मात्र गरी अन्यत्र बजारमा बेचविखन गर्ने उद्धेश्यले संचालित स्थल सम्झनु पर्दछ ।

(च) **कृषि खुद्रा बजार** भन्नाले कृषिवस्तु उपभोक्ताहरुको लागि फुटकर रुपमा खरीद बिक्री गर्ने उद्धेश्यले संचालित बजारस्थल सम्झनु पर्दछ ।

(छ) **अध्यक्ष** भन्नाले समितीको अध्यक्ष सम्झनु पर्दछ ।

(ज) **सदस्य** भन्नाले समितीको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) **सेवा शुल्क** भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वाफत समितीलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वाफत को भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

(ञ) **बजार व्वस्थापक** भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्वस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

## परिच्छेद -२

## समितीको गठन काम कर्तब्य अधिकार

३. कृपि बजार ब्यवस्थापन समितीको गठनः (१) एकिकृत कृषि बजारको संचालन तथा ब्यवस्थापन गर्न देहाय बमोजिम कृषि/पशु बजार ब्यवस्थापन समिती गठन हुनेछ ।

(क) सदस्यहरु मध्येबाट चुनियएको अध्यक्ष १ जना

(ख) कृषिवस्तु थोक बिक्रेताहरु मध्येबाट १ जना

(ग) कृषिवस्तु खुद्रा बिक्रेताहरु मध्येबाट १ जना

(घ) तरकारी उत्पादकहरु मध्येबाट २ जना

(ङ) फलफूल उत्पादकहरु मध्येबाट १ जना

(च) आलु उत्पादकहरु मध्येबाट १ जना

(छ) उपभोक्ताहरु मध्येबाट १ जना

(झ) कृषि विकास शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) को समितीका अध्यक्ष कृषक प्रतिनिधि र व्यवसायी प्रतिनिधिको चयन सर्वसम्मती वा sociometric प्रणालीबाट गरीनेछ ।

(४) उपदफा (१) बमोजिमको अध्यक्ष पदको लागि निर्वाचनमा ब्यवस्थापक/सदस्य सचिव तथा कृषि /पशु सेवा प्राविधिक प्रतिनिधि बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ ।

४. समितीको काम कर्तब्य र अधिकारः समितीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बजारको विकास बिस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने ।

(ख) बजार संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा, शर्त र सुविधा एकिन गरी स्विकृतीका लागि बजार ब्यवस्थपन नियमन समितीमा पेश गर्ने ।

(ग) कृषि बजारको सम्बन्धमा आंवश्यक सूचना सर्वसाधरण नागरीकको लागि सूचना सम्प्रेसण गर्ने ।

(घ) बजारको विकास बिस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने ।

(ङ) कृषि उत्पादक, ब्यापारी, उपभोक्ता, संघ, सस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा सुविधा उपलब्ध गराउने ।

(च) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत सम्भार तथा सम्बर्धन गर्ने ।

(छ) बजार संचालन सम्बन्धि कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(ज) बजार स्थल भित्रको फोहर ब्यवस्थापन गरी स्वस्थ्य वातावरण कायम गर्ने ।

(ञ) समिती ले वार्षिक स्विकृत कार्यक्रम तथा बजेटको परीधि भित्र रहेर खर्च गर्ने ।

(ट) बजारको दीर्घकालीन विकास र बिस्तार सम्बन्धि पेश भएको गुरु योजना स्विकृत गर्ने ।

CS CamScanner

(ठ) गुणस्तहिन खाध्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने उपज/वस्तु खरीद -बिक्रि गर्न नपाइने ब्यवस्था मिलाउने ।

(ड) प्रमाणित नापतौल प्रणाली (standard weighing and measuring system) तथा आधिकारीक निकायबाट प्रमाणित/स्विकृत नापतौल विपरीत कार्य गरेको पाईएमा सामग्री/उपकरण जफत गरी कार्वाही प्रक्रिया गर्ने ।

(ढ) रोगी पशुपन्छी एवम पशुजन्य पदार्थ बिक्री वितरण गर्न नपाईने ब्यवस्था मिलाउने ।

(ण) उचित स्थानमा बध गरी उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री बितरण गर्नु पर्ने व्यवस्था मिलाउने ।

५. **सदस्यहरुको पदावधिः** (१) सदस्यहरुको पदावधि अध्यक्ष निर्वाचित भएको मिति ले २ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भएता पनि यो निर्देशिका लागु भएपछी अध्यक्ष पदमा एकै ब्यक्ति लगातार दुई पदावधिभन्दा बढी निर्वाचित हुन सक्ने छैन ।

(३) समितीले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै विदेशी वा स्वदेशी सस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितीको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. **सदस्यको योग्यताः** यस निर्देशिका कमोजिम गठन हुने संचालक समितीको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरीक

(ख) २१ बर्ष उमेर पुरा भएको पाटन नगरपालिकाको स्थायी वासिन्दा

(ग) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको

(घ) मगज नबिग्रेको

(ङ) कुनै राजनैतिक पदमा बहाल नरहको

७. **पद रिक्त हुने वा पदपुर्ति सम्बन्धि व्यवस्थाः** देहायको अवस्थामा समितीको सदस्यको पद रिक्त हुनेछ

(क) कुनै सदस्यको मृत्यु भएमा ।

(ख) अन्यत्र बसाइ सरी गएमा

(ग) सदस्यले आफ्नो पदबाट राजिमाना समितीबाट स्विकृत भएमाः समितिका सदस्यले आफ्नो पदबाट राजिनामा दिँदा अध्यक्ष समक्ष तथा अध्यक्षले राजिनामा गर्दा समिति समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएको राजिनामा समितिको बहुमत सदस्यको निर्णयद्धारा स्विकृत वा अस्विकृत गर्न सकिनेछ ।

(घ) कुनै सदस्यको योग्यता दफा ६ बमोजिम नरहेको प्रमाणित भई वा दफा २६ बमोजिम कार्वाही भई बजार व्यवस्थापन नियमन समितिद्धारा निजलाई पदबाट हटाइएमा ।

(ङ) कुनै सदस्य विरुद्ध समितिका कम्तिमा दुइतिहाइ सदस्यको निर्णयद्धारा उचित र प्रयाप्त कारण सहित पदबाट हटाउन गरीएको लिखित उजुरी जायज भएको सम्बन्धित निकायको रायको आधारमा बजार व्यवस्थपान नियमन समितिद्धारा पदमुक्त गरीनेछ ।

CamScanner

(च) उपरोक्त जुनसुकै कारणबाट पदरिक्त हुन आएको कुनै सदस्यको पदमा निजको बाँकी पदावधि सम्मको लागि जुन प्रक्रियाबाट पदपुर्ति भएको हो सोही प्रकृयाको आधारमा पदपूर्ति गरीनेछ ।

८. **समितिको बैठक र निर्णयः** (१) समितिको नियमित बैठक प्रत्येक महिनामा एक पटक अध्यक्षले तोकेको मिति र समयमा समितीको कार्यालयमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

(३) समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावार भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनसक्नेछ ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरे बमोजिम हुनेछ ।

९. **गणपुरक संख्याः** समितको कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ

१०. **उप-समितिको गठन गर्न सक्नेः** समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्याउन समितीका कुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम कर्तव्य र अधिकार समित ले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **समितिको कार्यालयः** समितिको कार्यालय एकीकृत कृषि बजार  स्थल भवन ,पाटन ६ मा रहनेछ।

परिच्छद-३

कृषि बजार दर्ता, अनुगमन र नविकरण

१२. **कृषि बजार दर्ता सम्बन्धि व्यवस्थाः** (१) थोक बाजारको हकमा यस निर्देशिका बमोजिम विधिवत समिति गठन भएको ६० साठी दिन भित्र समिति गठनको निर्णय प्रतिलिपि सहित यस नगरपालिकामा दर्ता गर्नु पर्नेछ

१३. **नविकरण सम्बन्धि व्यवस्थाः** समितिले प्रत्यक तीन वर्षमा दर्ता नविकरण गराउनु पर्नेछ । नविकरण आवेदन साथ उक्त अवधिको समितिको लेखा परिक्षण प्रतिवेदन र वस्तु अनुसारको कारोवार (परिमाण र रकमण) समेत संलग्न राखि पेश गर्नु पर्नेछ । समिती दर्ता निकायबाट नै नविकरण गरीनेछ ।

१४. बजार पूर्वाधार विकासका लागि सरकारी लगानी प्राप्त गर्न देहायका मापदण्ड एवं प्रकृया पूरा भएको हुनु पर्नेछ ।

(क) बजारको स्थापना वा पूर्वाधार विकास गर्न प्राविधिकरुपमा सम्भाब्य हुनु पर्नेछ ।

(ख) बजार केन्द्र चर्चेको/चर्चिने जग्गाको स्वामित्व सार्वजनिक वा सस्थागत निकायमा रहनु पर्नेछ र सो को उपयोग कृषि बजार संचालन प्रयोजनका लागि मात्र हुने गरी उक्त जग्गा उपलब्ध हुनु पर्नेछ ।

CamScanner

१५. **अनुगमन सम्बन्धि व्यवस्थाः** यस नगरपालिका अन्तरगतका कृषि बजार समितिको काम बारवाही तथा बजार कारोवार जुनसुकै बेला पनि नगरपिलकाले निरिक्षण गर्नेछ र आवश्यक परेको कागजात उपलब्ध गराउनु समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## समितिको आर्थिक व्यवस्था

१६. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ । समितिको कोषमा देहायका रकमहरु रहेछन् र समितिको सबै खर्च सो कोषबाट ब्यहोरीनेछ ।

(क) नेपाल सरकार ,प्रदेश सरकार तथा नगरपालिकाबाट समितिलाई प्राप्त रकम

(ख) सेवा सुविधाबाट प्राप्त शुल्क र रकम

(ग) विभिन्न व्यक्ति वा संघ सस्थाबाट प्राप्त रकम

(घ) अन्य नियमित स्रोतबाट प्राप्त रकम

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैंकिग कारोवार गर्न मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) समितिको खाता समितीको अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. **आर्थिक प्रशासनः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्विकृत ढाँचामा राखिनेछ ।

(२) समितिको लेखा परिक्षण आर्थिक करोवारको आधारमा चार्टर्ड एकाउन्टेन्ट वा रजिष्टर्ड लेखा परिक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिना भित्र गराउनु पर्नेछ ।

(३) समितिले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(४) समितिले आय व्ययको विवरण प्रत्येक महिना सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।

(५) लेखापरिक्षणबाट प्राप्त प्रतिवेदन आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(६) समितिले आर्थिक कार्य गर्दा / गराउँदा नेपाल सरकारको प्रचलित ऐन नियम र आर्थिक कार्यविधिको अधिनमा रही समितिको स्विकृत आर्थिक प्रशासन कार्यविधि बमोजिम गर्नु गराउनु पर्नेछ ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोवार र खर्चको विवरण समितिको नियमित बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

१८. **बजार खर्च व्यवस्थापनः** बजारले कूल आयको ९० प्रतिशत रकम नियमित बजार संचालन तथा मर्मत सम्भार कार्य र जग्गा उपयोग गरेवाफत लाग्ने रकममा ब्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

## परिच्छेद-५

## कर्मचारी ब्यवस्थापन

१९. **दरवन्दी स्विकृत गर्नेः** समिति अन्तरगत आवश्यक पर्ने कर्मचारीको दरवन्दी बजार ब्यवस्थापन नियमन समितिले स्विकृत गर्नेछ र सोको जानकारी नगरपिलकालाई गराउनु पर्नेछ ।

CamScanner

२०. **बजार ब्यवस्थापकको नियुक्तिः** (१) समितिले बजार ब्यवस्थापक नियुक्ती गर्नेछ ।

(२) उपदफा १ बमोजिम नियुक्ती गर्दा खुला प्रतिस्प्रधाको आधारमा गर्नेछ ।

२१. **ब्यवस्थापकको योग्यताः** ब्यवस्थापकका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

(क) नेपाली नागरीक

(ख ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

(ग) कृषि अर्थशास्त्र वा अर्थशास्त्र वा ब्यवस्थापन वा विकास प्रशासन विषयमा स्नातक गरेको

(घ) कानून बमोजिम कुनैपनि किसिमको सजाय नपाएको भनी स्व-घोषणा गरेको हुनु पर्नेछ ।

२२. **काम, कर्तब्य र अधिकारः** ब्यवस्थापकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने/ गराउने ।

(ग) बजार ब्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालिन र दीर्घकालिन योजना तर्जुमा गर्ने ।

(घ) कृषि बजार विकाससंग सम्बन्धित विभिन्न निकायहरुसंग समन्वय राखी कार्य गर्ने ।

(ङ) आर्थिक उत्तरदायीको रुपमा काम गर्ने ।

(च) समितिले तोकेको अन्य कामहरु गर्ने / गराउने ।

## परिच्छेद-६
## स्टल वा स्थान वितरण सम्बन्धि व्यवस्था

२३. **स्टल वा स्थान वितरण सम्बन्धि व्यवस्थाः** बजार स्थलबाट उपलब्ध गराइने स्टल आदीको भाडा निर्धारण गर्दा समितिद्धारा देहायका आधार र प्रक्रिया अपनाइने छ ।

**(१) भाडा निर्धारणका आधारः**

(क) बजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी

(ख) बजारको संचालन ब्यवस्थापन खर्च

(ग) भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत सम्भार तथा बिमा खर्च

(घ) जनशक्ति विकास तथा उत्प्रेरणा खर्च

(ङ) आकस्मित आर्थिक दायीत्व तथा जोखिम ब्यवस्थापनका लागि आवश्य पर्ने रकम

**(२)भाडा निर्धारण प्रकियाः**

(क) समितिले भाडामा लगाउने स्टल/स्थान आदी को वर्गिकरण गर्ने ।

(ख) भाडा निर्धारणको आधार बमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडादर समेतलाई मध्यनजर गरी आवधिक भाडा बृद्धी दरको समेत प्राविधिक प्रस्ताव तयार गर्ने ।

(ग) समितिको भाडा निर्धारण सम्बन्धित प्राविधिक प्रस्ताव बजार ब्यवस्थापन नियमन समितीबाट स्विकृत गराई भाडा निर्धारण गर्नु पर्दछ । उक्त भाडादर बजार क्षेत्र आसपास प्रचलित समान प्रकारको स्टल, स्थानको औषत भाडादर भन्दा बढी हुने छैन ।

CamScanner

(घ) कृषक, कृषि सहकारी तथा कृषक समूहमा आवद्ध कृषकहरुद्धारा संचालन गरीएको/गरीने स्टलहरुको भाडादर १० प्रतिशत सम्म सस्तो हुनु पर्नेछ, महिलाहरुद्वारा संचालित स्टलहरुमा लाग्ने भाडादरमा विशेष ग्राहयता दिनु पर्नेछ ।

(३) स्टल सम्बन्धि सम्झौता भएपछी समितिबाट निर्धारण गरीएको शुल्क वार्षिकरुपमा १० प्रतिशतले बृदधि हुनेछ ।

(४) समितीसंग सम्झौता गर्दा समितिले तोकेको भाडाको कम्तिमा ३ महिनाको रकम धरौटी लिई स्टल वा स्थान उपलब्ध गराउनु पर्नेछ ।

(५) समितिले शुरुमा एक पटकमा बढीमा ३ वर्षसम्मको लागि स्टल वा स्थान उपलब्ध गराउनु सक्नेछ । सो पश्चात निर्देशिकाको दायरा तथा समितीको निती नियम अनुसार संचालन गर्ने व्यवसायीको स्टललाई पुनः वार्षिक नविकरण गर्ने व्यवस्था मिलाउने छ ।

(६) एक परिवारलाई एक वटा मात्र स्टल वा स्थान उपलब्ध गराइनेछ । उपलब्ध गराइएको स्टल वा स्थान कसैलाई भाडामा लागाइएको पाइएमा समितिले सम्झौता सद्ध गरी स्टल भाडामा लिंदा राखेको धरौटी रकम जफत गर्नेछ र सो को सूचना नगरपालिकालाई दिनेछ ।

## परिच्छद - ७
## नितीगत र प्राविधक नियमन सम्बन्धि व्यवस्था

२४. **बजार व्यवस्थापन नियमन समितीः** कृषि बजारको प्राविधिक व्यवस्थापन तथा नियमन गर्न निम्नानुसार समिती हुनेछ ।

| | |
|---|---|
| (क) नगर उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) प्रशासन शाखा प्रमुख नगरपालिका | सदस्य |
| (घ) प्रमुख, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र पाटन , | सदस्य |
| (ड) पशु सेवा शाखा प्रमुख नगर पालिका | सदस्य |
| (च) ईलाका प्रहरी कार्यालय पाटन प्रमुख वा प्रतिनिधि | सदस्य |
| (छ) प्रमुख, कृषि विकास शाखा नगरपालिका | सदस्य-सचिव |

२५. **बजार व्यवस्थापन नियमन समितीको काम कर्तव्य र अधिकारः** बजार व्यवस्थापन नियमन समितीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बजार ब्यवस्थापन समितिलाई नीति निर्देशन दिने ।

(ख) बजार ब्यवस्थापन समितीले समाधान गर्न नसकेको विषयहरुमा समन्वय गरी समाधान गर्ने ।

(ग) बजार समितीको आवश्यक पर्ने कर्मचारी दरवन्दी स्वीकृत गर्ने

(घ) कर्मचारीहरुको सेवा सुविधाको बारेमा पेश भएका सुझाव, प्रतिवेदनहरुको अध्ययन गरी बढाउने वा घटाउने सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

CamScanner

(ङ) बजारका लागि आवश्यक पर्ने कर्मचारी प्रशासन र आर्थिक प्रशासन विनियमावली जारी गर्ने ।

## परिच्छेद- ८
## विविध

२६. **पदाधिकारी तथा सदस्यलाई निलम्वन गर्न सक्नेः** पदाधिकारी तथा सदस्यले देहायको कसुर गरेमा निजहरुलाई व्यवस्थापन समितीले तीन महिना सम्म निलम्वनमा राख्न सक्नेछ ।

(क) आर्थिक अनियमिता गरेमा

(ख) पदीय अख्तियारको दुरुपोग गरेमा

(ग) शान्ती सुरक्षामा खलल गर्ने कार्य गरेमा

२७. **समितीलाई भंग गर्न सक्नेः** (१) देहायकव अवस्थामा बजार व्यवस्थापन नियमन समितीले दफा ३ बमोजिम गठीत समिती भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ ।

(क) समितीमा रहेका पदाधिकारी निस्कृय रही निर्वाचन वा मनोनयन भएको एक वर्ष सम्म एउटा बैठक पनि बस्न नसकेमा

(ख) समितीलाई दिएको निर्देशन पालना नगरेमा

(ग) समितीको हित विपरीत हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा

(२) उपदफा (१) बमोजिम समिती भंग गर्नु अगावै समितीका सबै पदाधिकारी तथा सदस्यलाई सफाईको मौका दिनु पर्नेछ ।

२८. **कृषि बजार संचालन सम्बन्धि विशेष व्यवस्थाः** दफा २७ बमोजिम समिती भंग भएमा समिती गठन सम्बन्धि अर्को व्यवस्था नभएसम्मको लागि बजार व्यवस्था नियमन समितीले अर्को व्यवस्था गर्नसक्नेछ ।

२९. **बरबुझारथः** निवर्तमान समितीले नवगठीत समितीलाई आफ्नो जिम्माको सम्पूर्ण जीन्सी नगद आय व्यय विवरण तथा कागजात १५ दिन भित्र बुझाउनु पर्नेछ र सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

३०. **बजारको स्वामित्वः** पाटन नगरपालिकाको मूख्य लगानीमा विकास गरीएको भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व पाटन नगरपालिका नगरपालिकामा रहनेछ ।

३१. **बीमा सम्बन्धि व्यवस्थाः** बजारको स्थायी भौतीक संरचना मसिन-उपकरण एवं सवारी साधनको बीमा गर्नु पर्नेछ ।

३२. **सुविधा सम्वन्धि व्यवस्थाः** समितीका पदाधिकारी एवं कर्मचारीले समितीको कामको सिलसिलामा वा नेपाल सरकारको कुनै कार्यक्रममा सहभागी हुँदा निजहरुलाई प्रदान गरीने भ्रमण खर्च लगायताका सुविधाहरुको हकमा नगरपालिकाको आर्थिक नियमावली वा मा तोकिए बमोजिम हुनेछ ।

३३. **लाभांस वितरणः** बजारको स्थापना वा संचालनमा संलग्न जग्गादाता स्थानिय साझेदार वा सहयोगी निकाय/संघसस्थालाई त्यस्तो साझेदार वा सहयोग गरेवाफत लाभांश प्रदान गर्नु पर्ने अवस्थामा निजहरुको योगदानको आधारमा समितीले खुद नाफाको ५ प्रतिशत भन्दा बढी नहुने गरी उपलब्ध गराउन सक्नेछ । सो भन्दा बढी मूनाफा वितरण गर्नु परेमा नगरपालिकाको स्विकृती लिनु पर्नेछ ।

CamScanner

३४. **व्यवसायीले पालना गर्नु पर्ने आचरणः** बजार स्थलमा व्यवसाय गर्ने व्यापारी वा व्यवसायीले देहायका आचरण पालना गर्नु पर्नेछ ।

(क) इजाजत प्राप्त व्यापारी/व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नु पर्ने सम्पूर्ण करहरु व्यवसाय नविरण गर्दा कर चुक्ताको प्रमाण पेश गर्नु पर्ने ।

(ख) बजार व्यवस्थापन समितीलाई आफूले प्रयोग गरेको सुविधा वापत बुझाउनु पर्ने भाडा वा अन्य शुल्क बुझाउँदा व्यवस्थापन समितीको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

(ग) इजाजत प्राप्त व्यक्ती आफैले परिचय पत्र फोटो सहित देखिने गरी झुन्डयाएर व्यापार गर्नुपर्नेछ ।

३५. **निर्देशिका संशोधनः** नगरपालिकाले यो निर्देशिका आवश्यकता अनुसार कृषि शाखा को सिफारिसमा संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

३६. यो निर्देशिका लागु हुनुपुर्व गठन भएको बजार व्यवस्थापन समिति यसै निर्देशिका बमोजिम भएको मानिने छ .

CamScanner